राजेन्द्र भाट
नि.प्रमुख प्रशासकीय अधिकृत

# सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना
# ढकारी गाउँपालिका सेवा इकाईको आ.व. २०७८/७९ को
# प्रगति प्रतिवेदन


**<u>तयार गर्नेः</u>**

गोकुल कुँवर

एम.आई.एस.अपरेटर

ढकारी गाउँपालिकाको कार्यालय

ढकारी,अछाम ।


राजेन्द्र भाट
नि.प्रमुख प्रशासकीय अधिकृत

राजेन्द्र भाट
नि.प्रमुख प्रशासकीय अधिकृत

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको आयोजनामा सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्ने तथा व्यक्तिगत घटना दर्ता पूर्ण रुपमा अनलाईन प्रणाली मार्फत गर्ने लक्ष्य सहित देश भरका ७५३ वटै स्थानीय तहहरुमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजनाको सेवा इकाई स्थापना तथा सो सेवा इकाई सञ्चालनार्थ आवश्यक कर्मचारीको व्यवस्थापन गरी आयोजनाको लक्ष्य प्राप्तिको लागि आवश्यक कार्यहरुहरु भईरहेको व्यहोरा जानकारी गराउँदछु ।

**यस ढकारी गाउँपालिका अन्तर्गतको सेवा इकाई मार्फत भए/गरेका कार्यहरुको बुँदागत रिपोर्ट यस प्रकार छः**

१. आ.व. २०७६/०७७ को प्रथम चौमासिक बाटै सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण सुरु गरिएको,
२. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण अध्यावधिक तथा अयोग्य तथा दोहोरो दर्ता भएका लाभग्राहीहरुको विवरण हटाई स्पष्ट र पारदर्शी बनाईएको,
३. आ.व. २०७६/०७७ असार मसान्तमा १ करोड २६ लाख भन्दा बढी सामाजिक सुरक्षा भत्ता रकम बैंक मार्फत सम्बन्धित सरकारी खातामा फिर्ता गरिएको,
४. वडा कार्यालयका कर्मचारीहरुलाई प्रणाली सम्बन्धि आवश्यक तालिम प्रदान गरिएको,
५. सामाजिक सुरक्षा भत्ता वाफत आएको अतिरिक्त रकम नियमानुसार सम्बन्धित सरकारी खातामा फिर्ता पठाईएको,
६. आ.व. २०७७/०७८ बाट पालिकाका ८ वटै वडा कार्यालय मार्फत व्यक्तिगत घटना दर्ता अनलाईन प्रणाली मार्फत सुरु गरिएको,
७. हाल सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धि सम्पूर्ण कामहरु वडा कार्यालय मार्फत नै हुने गरी व्यवस्था मिलाईएको,
८. प्रणाली सम्बन्धि कुनै पनि समस्या तथा गुनासो आएमा सो को समाधान तथा सुनुवाई गरिएको,
९. सेवाग्राही तथा लाभग्राहीहरुले सहज रुपमा सेवा पाउनुपर्ने कुरालाई उच्च प्राथमिकतामा राखी सोही अनुरुप कामहरु गर्ने गरिएको ।

राजेन्द्र भाट
नि.प्रमुख प्रशासकीय अधिकृत

राजेन्द्र भाट
नि.प्रमुख प्रशासकीय अधिकृत

**आर्थिक वर्ष २०७८/०७९ मा यस सेवा इकाई तथा वडा कार्यालयहरु मार्फत भए/गरेका कामहरू:**

१. जनप्रतिनिधि तथा वडा कार्यालयका कर्मचारीहरुलाई सामाजिक सुरक्षा भत्ता तथा व्यक्तिगत घटना दर्ता सम्बन्धि अभिमुखिकरण तालिम सञ्चालन गरेको,
२. त्रैमासिक रुपमा सामाजिक सुरक्षा भत्ता को Forward Feed डाउनलोड गरी बैंकलाई उपलब्ध गराईएको,
३. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने योग्य लाभग्राहीको विविध कारणवश लगतकट्टा भएको भए नियमानुसार आवश्यक प्रक्रिया पुरा गरी लगत कायम गर्ने गरिएको,
४. सामाजिक सुरक्षा भत्ता प्राप्त ग्रने लाभग्राहीको मृत्यु भएको खण्डमा निजको हकवाला व्यक्तिले नियामानुसार लाभग्राहीको मृत्यु मिति सम्मको पाउनु पर्ने रकमको लागि बैंकलाई सिफारिस गरी रोक्का/फिर्ता गर्नुपर्ने रकम रोक्का/फिर्ताको लागि सिफारिस गर्ने गरिएको,
५. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली (VERSP-MIS) सम्बन्धि वडा कार्यालयहरुलाई आवश्यक सहजिकरण तथा सपोर्ट प्रदान गर्ने गरेको,

**आर्थिक वर्ष २०७८/०७९ मा यस ढकारी गाउँपालिकाका ८ वटै वडा कार्यलय अन्तगर्त दर्ता भएका व्यक्तिगत घटना दर्ताको संक्षिप्त विवरण:**

व्यक्तिगत घटना दर्ताको संक्षिप्त प्रतिवेदन

जिल्ला : अछाम गा.पा/न.पा. : ढकारी दर्ता मिति देखि : २०७८-०४-०१ दर्ता मिति सम्म : २०७९-०३-३२

| वडा नं. | जन्म | | | | मृत्यु | | | | सम्वन्ध विच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | बेवारिसे | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | जम्मा | |
| १ | १७६ | १५६ | | ३३२ | २५ | २९ | | ५४ | | ४५ | १ | ४ | १६ | ३१ | | ४४८ |
| २ | ९७ | १०५ | | २०२ | १६ | १२ | | २८ | | २८ | | | १३ | ३७ | | २७१ |
| ३ | १६८ | १६३ | | ३३१ | १७ | ९ | | २६ | | २१ | १ | ५ | ४ | २१ | | ३८३ |
| ४ | ७९ | ७३ | | १५२ | १५ | १४ | | २९ | | १० | | | ९ | ३५ | | २०० |
| ५ | ५९ | ६९ | | १२८ | ६ | ५ | | ११ | | १४ | | | ३ | १२ | | १५६ |
| ६ | २०० | १९४ | | ३९४ | १५ | १८ | | ३३ | | ४९ | ३ | ११ | १० | ३५ | | ४८९ |
| ७ | ८१ | १०५ | | १८६ | १२ | १२ | | २४ | | २९ | | | ६ | ३० | | २४५ |
| ८ | ८२ | ८३ | | १६५ | ८ | ५ | | १३ | | २६ | ३ | १० | १३ | ५० | | २२० |
| जम्मा | ९४२ | ९४८ | ० | १८९० | ११४ | १०४ | ० | २१८ | ० | २२२ | ८ | ३० | ७४ | २५१ | ० | २४१२ |

**स्रोत:VERSP-MIS**

राजेन्द्र भाट
नि.प्रमुख प्रशासकीय अधिकृत

राजेन्द्र भाट
नि.प्रमुख प्रशासकीय अधिकृत

## आर्थिक वर्ष २०७८/०७९ मा यस ढकारी गाउँपालिका अन्तर्गत वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको त्रैमासिक विवरण:

| क्र.सं. | सामाजिक सुरक्षा भत्ता किसिम | संख्या | भत्ता रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ज्येष्ठ नागरिक भत्ता (७० वर्ष माथि) | 1060 | 12574400 | प्रथम त्रैमासिक |
| २ | ज्येष्ठ नागरिक भत्ता (दलित) | 307 | 2417940 | प्रथम त्रैमासिक |
| ३ | ज्येष्ठ नागरिक एकल महिला | 164 | 1301083 | प्रथम त्रैमासिक |
| ४ | विधवा | 280 | 2207800 | प्रथम त्रैमासिक |
| ५ | क वर्ग अपाङ्ग | 15 | 175560 | प्रथम त्रैमासिक |
| ६ | ख वर्ग अपाङ्ग | 37 | 231952 | प्रथम त्रैमासिक |
| ७ | क्षेत्र तोकिएका बालबालिका | 2136 | 3199177 | प्रथम त्रैमासिक |
| ८ | दलित बालबालिका | 1161 | 1723294 | प्रथम त्रैमासिक |
| क्र.सं. | सामाजिक सुरक्षा भत्ता किसिम | संख्या | भत्ता रकम | कैफियत |
| १ | ज्येष्ठ नागरिक भत्ता (७० वर्ष माथि) | 1062 | 12647793 | दोस्रो त्रैमासिक |
| २ | ज्येष्ठ नागरिक भत्ता (दलित) | 307 | 2431240 | दोस्रो त्रैमासिक |
| ३ | ज्येष्ठ नागरिक एकल महिला | 163 | 1300740 | दोस्रो त्रैमासिक |
| ४ | विधवा | 276 | 2183860 | दोस्रो त्रैमासिक |
| ५ | क वर्ग अपाङ्ग | 15 | 179550 | दोस्रो त्रैमासिक |
| ६ | ख वर्ग अपाङ्ग | 37 | 236208 | दोस्रो त्रैमासिक |
| ७ | क्षेत्र तोकिएका बालबालिका | 2075 | 3180673 | दोस्रो त्रैमासिक |
| ८ | दलित बालबालिका | 1132 | 1751764 | दोस्रो त्रैमासिक |
| क्र.सं. | सामाजिक सुरक्षा भत्ता किसिम | संख्या | भत्ता रकम | कैफियत |
| १ | ज्येष्ठ नागरिक भत्ता (७० वर्ष माथि) | 1087 | 12860061 | तेस्रो त्रैमासिक |
| २ | ज्येष्ठ नागरिक भत्ता (दलित) | 287 | 2274300 | तेस्रो त्रैमासिक |
| ३ | ज्येष्ठ नागरिक एकल महिला | 163 | 1298080 | तेस्रो त्रैमासिक |
| ४ | विधवा | 282 | 2218440 | तेस्रो त्रैमासिक |
| ५ | क वर्ग अपाङ्ग | 15 | 179550 | तेस्रो त्रैमासिक |
| ६ | ख वर्ग अपाङ्ग | 37 | 236208 | तेस्रो त्रैमासिक |
| ७ | क्षेत्र तोकिएका बालबालिका | 263 | 3113355 | तेस्रो त्रैमासिक |
| ८ | दलित बालबालिका | 1139 | 1695823 | तेस्रो त्रैमासिक |
| क्र.सं. | सामाजिक सुरक्षा भत्ता किसिम | संख्या | भत्ता रकम | कैफियत |
| १ | ज्येष्ठ नागरिक भत्ता (७० वर्ष माथि) | 1088 | 12926967 | चौथो त्रैमासिक |
| २ | ज्येष्ठ नागरिक भत्ता (दलित) | 300 | 2355902 | चौथो त्रैमासिक |
| ३ | ज्येष्ठ नागरिक एकल महिला | 162 | 1280404 | चौथो त्रैमासिक |
| ४ | विधवा | 287 | 2274300 | चौथो त्रैमासिक |
| ५ | क वर्ग अपाङ्ग | 16 | 191520 | चौथो त्रैमासिक |
| ६ | ख वर्ग अपाङ्ग | 38 | 238336 | चौथो त्रैमासिक |
| ७ | क्षेत्र तोकिएका बालबालिका | 2058 | 3143990 | चौथो त्रैमासिक |
| ८ | दलित बालबालिका | 1107 | 1655181 | चौथो त्रैमासिक |

**स्रोत:VERSP-MIS**

राजेन्द्र भाट
नि.प्रमुख प्रशासकीय अधिकृत

राजेन्द्र भाट
नि.प्रमुख प्रशासकीय अधिकृत

- आर्थिक वर्ष २०७८/०७९ असार मासान्त मा २ लाख ७९ हजार ९ सय ५३ रुपैंया सामाजिक सुरक्षा भत्ताको(तेस्रो त्रैमासिक सम्मको वितरण भेसकेको अवस्थामा) रोक्का रकम सम्बन्धित सरकारी खातामा बैंक मार्फत फिर्ता गरिएको।
- सामाजिक सुरक्षा भत्ता तथा व्यक्तिगत घटना दर्ता सम्बन्धि प्राविधिक तथा प्रशासनिक समस्या तथा गुनासोहरु समाधान तथा सुनुवाई गर्ने गरिएको।

**सारांशः**

आ.व. २०७६/०७७ को दोस्रो चौमासिक मा स्थापना भएको यस ढकारी गाउँपालिकाको सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना-सेवा इकाई ले हाल सम्म सरोकारवाला सबै कार्यालय,शाखा सँग समन्वय गरी वडा कार्यालयहरुको समस्या तथा गुनासोहरुको समाधान तथा सुनुवाईको लागि आवश्यक प्रक्रिया गर्ने गरेको छ। यस सेवा इकाई मार्फत हुनु पर्ने र गरिनु पर्ने सम्पूर्ण कार्यहरु सकारात्मक तथा नतीजामुखी रुपमा सम्पन्न भईरहेका छन। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको लक्ष्य र उद्देश्य प्राप्तिका लागि गरिनु पर्ने सम्पूरण कार्यहरु सेवा इकाईले पुरा गरेको छ।

आगामी दिनहरुमा पनि सबैको सहयोग,सल्लाह तथा सुझावमा हाल सम्म देखिएका कमीकमजोरीहरुलाई औंल्याई त्यस्तो क्षेत्रमा सुधार गर्दै सेवा इकाईबाट हुने काम-कारवाहीहरु अझ प्रभावकारी ढंगले गर्ने वाचा समेत गर्दछु।

**प्रतिवेदकः**
**गोकुल कुँवर**
**एम.आई.एस.अपरेटर**
**ढकारी गाउँपालिकाको कार्यालय**
**ढकारी अछाम**

राजेन्द्र भाट
नि.प्रमुख प्रशासकीय अधिकृत